गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# गण्डकी आयुर्वेद औषधालयल

आयुर्वेदिक मार्ग, लेखनाथ, कास्की
गण्डकी प्रदेश
मिति :-२०८०।०४।०२

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित विबरण

आ. व. २०७९।०८० चौथो त्रैमासिकको (२०८० आषाढ मसान्त सम्म)

**१. कार्यालयको स्वरुप र प्रकृतिः**

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शास्वत रुपमा चल्दै आएको चिकित्सा हो । वि. सं. २०२४ मा यस कार्यालय गण्डकी अञ्चल आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थापना भएको थियो । त्यस पछि वि. सं. २०५८ मा आयुर्वेद विभागबाट जिल्लामा रहेका साधारण औषधालयहरुको आर्थिक कारोबार जिल्लास्तरीय कार्यालयबाट गर्ने निर्णय भए अनुसार सदरमुकाम बाहिर रहेका जिल्लास्तरीय कार्यालयहरु जिल्ला सदरमुकाम ल्याउने नीति अनुसार लेखनाथ ३ अर्घौमा रहेको लेखनाथ आयुर्वेद औषधालयको भवनमा स्थानान्तरण गरि यहाँ स्थित औषधालयलाई वेगनास आयुर्वेद औषधालयको रुपमा वेगनासमा स्थानान्तरण गारिएको थियो । यसपछि निरन्तर रुपमा यस कार्यालय संचालनमा रहेको छ । देशको संघिय संरचना अनुसार यस कार्यालय प्रदेश अन्तर्गत रही गण्डकी प्रदेश सरकारको २०७७ वैशाख २३ को निर्णय अनुसार गण्डकी आयुर्वेद औषधालय को नाममा रहेको छ । यस कार्यालयले स्थापना देखिनै आयुर्वेद चिकित्सा सेवा दिदैं आइरहेको छ ।

**२. कार्यालयको काम, कर्तव्य र अधिकार :**

- नेपाल तथा सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कायक्रहरु गर्ने ।
- कास्की जिल्लामा संचालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा संञ्चालन गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन, निरिक्षण, स्वीकृति तथा आवश्यक मार्गदर्शन दिने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने ।

**३. क) कर्मचारी दरवन्दी तेरिज र पदपूर्ति विवरण :**

| क्र. सं. | पद | सेवा | समुह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | स्वास्थ्य | आयुर्वेद | आठौं | १ | १ | ० | |
| २ | कविराज | स्वास्थ्य | आयुर्वेद | पाचौं/छैठौं/सातौं | १ | १ | ० | |
| ३ | वैद्य | स्वास्थ्य | आयुर्वेद | चौथौ/पाचौं/छैठौं | १ | १ | ० | |
| ४ | सह/लेखापाल | प्रशासन | लेखा | पाचौं/छैठौं/सातौं | १ | १ | ० | |
| ५ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | श्रेणी विहिन | २ | २ | १ | १ करार |

**ख) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य बिवरण :**

| क्र.स. | पद (हालको) | तह/श्रेणी | कर्मचारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा. कुमार कासुला | कार्यालय प्रमुख | |
| २ | बरिष्ठ कविराज निरिक्षक | सातौं | श्री नविन किरण भुसाल | प्रशासन, सूचना अधिकारी | |
| ३ | वैद्य निरिक्षक | छैठौं | श्री सीता शर्मा | भण्डार शाखा तथा तथाङ्क | |
| ४ | लेखापाल | पाचौं | श्री कृष्ण प्रसाद पौडेल | लेखा | |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन पाचौं | श्री बाबुराम भण्डारी | | |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | श्री शोभा खनाल | करार | ०८० आषाढ मसान्त |
| ७ | अभ्यङ्गकर्ता | | श्री कविता अधिकारी | करार कार्यक्रम | ०८० आषाढ मसान्त |
| ८ | अभ्यङ्गकर्ता | | श्री सन्तोष भुजेल | करार कार्यक्रम | ०८० आषाढ मसान्त |
| ९ | ल्याब टेक्निसियन | चौथो | श्री जगत राज पौडेल | करार कार्यक्रम | ०८० आषाढ मसान्त |
| १० | आयुर्वेद चिकित्सक | आठौं | डा. अच्यूत शाली घिमिरे | करार PHC थुम्सीकोट मादी १० | ०८० आषाढ मसान्त |
| ११ | का. स. | श्रेणीविहिन | विमला सुवेदी | करार PHC थुम्सीकोट मादी १० | ०८० आषाढ मसान्त |
| १२ | वैद्य | चौथो | श्री अनिश कुमार दास | करार नागरिक आ.से. केन्द्र, सिक्लेस मादी १ | ०८० आषाढ मसान्त |
| १३ | का. स. | श्रेणीविहिन | श्री भक्त बहादुर गुरुङ्ग | करार नागरिक आ.से. केन्द्र, सिक्लेस मादी १ | ०८० आषाढ मसान्त |
| १४ | वैद्य | चौथो | श्री जमुना लामिछाने | करार नागरिक आ.से. केन्द्र,नागडाँडा अन्नपूर्ण १ | ०८० आषाढ मसान्त |
| १५ | का. स. | श्रेणीविहिन | श्री मिना कुँवर | करार नागरिक आ.से. केन्द्र,नागडाँडा अन्नपूर्ण १ | ०८० आषाढ मसान्त |
| १६ | कविराज | पाचौ | श्री गोविन्द आचार्य | करार नागरिक आ.से. केन्द्र,पुम्दीभुम्दी,पोखरा २२ | ०८० आषाढ मसान्त |
| १७ | का. स. | श्रेणीविहिन | श्री भेषराज बराल | करार नागरिक आ.से. केन्द्र,पुम्दीभुम्दी,पोखरा २२ | ०८० आषाढ मसान्त |
| १८ | आयुर्वेद चिकित्सक | आठौं | डा. प्रदिप अधिकारी | गण्डकी आ. औ., लेखनाथ | छात्रवृत्ति करार |

**४. कार्यालयबाट प्रदान गरिने सेवा :**

विरामी परिक्षण तथा निःशुल्क औषधी वितरण

प्रयोगशाला सेवा(सशुल्क)

जेष्ठ नागरीक आरोग्य सेवा कार्यक्रम

स्वस्थ जिवन कार्यक्रम

स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक औषधी वितरण

पंचकर्म अन्तर्गतको पूर्वकर्म अर्थात स्नेहन, स्वेदन, जानु वस्ति, कटि वस्ति, शिरोधारा आदि

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :

नागरिक वडापत्रमा उल्लेख भए अनुसार तथा ऐन कानूनमा तोकिए बाहेक सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि नियमानुसार हुनेछ ।

| क्र. सं. | सेवाको किसिम | उपलब्ध सेवाहरु | लाग्ने दस्तुर | समय | जिम्मेवार अधिकारी | उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | बहिरङ्ग सेवा(ओ. पि. डी) | विरामी स्वास्थ्य परिक्षण तथा उपचार | नि:शुल्क | विहान १० - ३ बजेसम्म | ओ.पि.डी कोठा | कार्यालय प्रमुख |
| २. | औषधि वितरण | सरकारद्वारा सुचिकृत विभिन्न औषधि | नि:शुल्क | विहान १० - ३ बजेसम्म | औषधि वितरण कोठा | कार्यालय प्रमुख |
| ३. | जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्धन कार्यक्रम | रसायन औषधि वितरण | नि:शुल्क | विहान १० - ३ बजेसम्म | औषधि वितरण कोठा | कार्यालय प्रमुख |
| ४. | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ स्वास्थ्य तथा दुग्धवर्धक औषधी वितरण | दुग्धवर्धक औषधी वितरण | नि:शुल्क | विहान १० - ३ बजेसम्म | औषधि वितरण कोठा | कार्यालय प्रमुख |
| ५. | पञ्चकर्म /पुर्वकर्म सेवा | स्नेहन, स्वेदन, शिरोधारा, वस्ति, नस्य | तोकिए बमोजिम | विहान ११ - ३ बजेसम्म | पञ्चकर्म कोठा | कार्यालय प्रमुख |
| ६. | प्रयोगशाला/ल्याव सेवा | रगत, दिशा, पिशाब आदिको जाँच | तोकिए बमोजिम | विहान ९ - ३ बजेसम्म | ल्याब कोठा | कार्यालय प्रमुख |
| ७. | लेखा तथा आर्थिक प्रशासन | लेखा सम्बन्धी सम्पूर्ण काम | नियमानुसार | विहान १० - ५ बजेसम्म | आर्थिक तथा प्रशासन कोठा | कार्यालय प्रमुख |
| ८ | प्राइभेट संस्थाहरुको दर्ता तथा अनुगमन | दर्ता, अनुमति, नविकरण, अनुगमन | नियमानुसार | नियमानुसार | कार्यालय प्रमुख र प्रशासन शाखा | कार्यालय प्रमुख |
| ९. | नि:शुल्क आयुर्वेद स्वास्थ्य शिविर | विरामी स्वास्थ्य परिक्षण तथा उपचार | नि:शुल्क | वार्षिक कार्यक्रम अनुसार तोकिएको समय र स्थानमा | कार्यालयका कर्मचारीहरु | कार्यालय प्रमुख |
| १०. | जीवनशैली परिवर्तन तथा योग कार्यक्रम | जडिबुटि चिया एवं योग अभ्यास साथै स्वस्थ रहन परामर्श | नि:शुल्क | विहान ६ - ८ बजेसम्म | कार्यालय परिसर एवं योग हल | कार्यालय प्रमुख |
| ११. | अन्य | आयुर्वेद स्वास्थ्य शिक्षा तथा अन्य परामर्श | नि:शुल्क | विहान १० - ३ बजेसम्म | ओ.पि.डी | कार्यालय प्रमुख |
| १२ | क्षारसूत्र | क्षारसूत्र विधिबाट शल्यकर्म | तोकिए बमोजिम | ओ. पि. डि सेवा जस्तै | क्षारसूत्र कक्ष | कार्यालय प्रमुख |

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकार :

यस कार्यालयका कार्यालय प्रमुख

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

कार्यालय प्रमुख

## ८. सम्पादन गरेको कामको विवरण :

**पुँजीगत बजेट अन्तर्गत।**

- औषधि निर्माणशाला/कक्षको निर्माण कार्य सम्पन्न भएको ।
- सशुल्क फार्मेसी कक्षको निर्माण सम्पन्न भएको ।
- कम्पाउण्ड बाल मर्मत सम्भारको कार्य सम्पन्न भएको ।
- धन्वन्तरिको मूर्ति स्थापनाको कार्य सम्पन्न भएको ।
- कार्यालयलाई आवश्यक मेसिनेरी औजार खरिद कार्य सम्पन्न ।

- कार्यालयलाई आवश्यक फर्निचर तथा फिक्स्चर्सको खरिद कार्य सम्पन्न
- इन्जिनियरको व्यस्तताले कार्यालय भवन मर्मत संभारको लगत इस्टिमेट प्राप्त नभएकोले कार्य हुन नसकेको ।

**सामानिकरण बजेट अन्तर्गत**

- औषधालयमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको ।
- पञ्चकर्म(पुर्वकर्म), क्षारसूत्र, स्वास्थ्य जीवनशैली परमर्श, जेष्ठ नागरिक कार्यक्रम संचालन गरिरहेको ।
- २०८०।०१।०९ गते शनिवार पोखरा २२ को वडाकार्यालय पुम्दीभुम्दीमा जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम सम्पन्न गरियो ।
- २०८०।०२॥१८ देखि २०८०।०२।२१ सम्म विद्यालय आयुर्वेद शिक्षा तथा योग कार्यक्रम अन्तर्गत श्री शुक्रराज मा. वि., पुम्दीभुम्दी, पोखरा २२ का २० विद्यार्थीहरुलाई आयुर्वेद तथा योग समबन्धी प्रशिक्षण सम्पन्न गरियो ।
- २०८०।०२।२० र २१ गते मादी गा. पा. ४ को वडा कार्यालय, तारकाङमा ३४ जनालाई स्वास्थ्य प्रवर्द्धनको जिवनशैली परिवर्तन सम्बन्धी प्रशिक्षण गरी सम्पन्न गरियो ।
- २०८०।०२।३१ गते श्री हरिहर सन्यास आश्रम, हरिहर गुफा, भलाममा जेष्ठ नागरिक आरोग्य कार्यक्रममा २७ जनाको स्वास्थ्य परिक्षण तथा आवश्यक औषधि वितरण गरी सम्पन्न गरियो ।
- २०८०।०३।११ गते पोखरा महानगरपालिका ३२ का वडा कार्यालयका कर्मचारी एवं त्यस समयमा उपस्थित व्यक्तिहरुलाई कर्पोरेट योग अन्तर्गतका व्यायाम सम्बन्धी प्रशिक्षण गरी सम्पनन गरियो ।
- २०८०।०३।१४ र १५ गते अन्नपूर्ण गा. पा. का १, नागडाँडामा ४४ जनालाई स्वास्थ्य प्रवर्द्धनको जिवनशैली परिवर्तन सम्बन्धी प्रशिक्षण गरी सम्पन्न गरियो ।
- २०८०।०३।१८ गते पोखरा २२ श्री हरिहर भक्ति आमा समुहको भवन, भलाममा जेष्ठ नागरिक आरोग्य कार्यक्रममा ८८ जनाको स्वास्थ्य परिक्षण तथा आवश्यक औषधि वितरण गरी सम्पन्न गरियो ।
- २०८०।०३।१९ र २० गते पोखरा २६ का १६ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम गण्डकी आयुर्वेद औषधालय, लेखनाथमा सम्पन्न गरियो ।

**सशर्त बजेट अन्तर्गत**

- औषधालयमा आउने विरामीहरुको परिक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको ।
- पञ्चकर्म(पुर्वकर्म), क्षारसूत्र, स्वास्थ्य जीवनशैली परमर्श, जेष्ठ नागरिक कार्यक्रम संचालन गरिरहेको ।

- स्तनपायी/सुत्करी आमाहरुलाई दुग्धबर्धक औषधि वितरण गरिरहेको ।
- यस कार्यालय अन्तर्गत रहेका कार्यालयहरुमा आवश्यक औषधि एवं सामाग्री ढुवानी गरियो ।
- कार्यालयलाई आवश्यक पर्ने औषधी बजेटको परिधि भित्र रही खरिद गरियो ।
- स्वस्थ जिवन कार्यक्रम अन्तर्गत विहान नियमित योगाभ्यास गर्दै आएको ।
- २०८०।०२।०१ देखि २०८०।०२।०३ सम्म आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई आयुर्वेद सेवा सम्बन्धी क्षमता अभिवृद्धि तालिम(AHMIS समेत) कृषि अनुसन्धान केन्द्र, लुम्लेमा सम्पन्न गरियो ।
- २०८०।०२।३१ गते श्री हरिहर सन्यास आश्रम, हरिहर गुफा, भलाममा जेष्ठ नागरिक आयुर्वेद स्वास्थ्य शिविरमा स्वास्थ्य परिक्षण तथा आवश्यक औषधि वितरण गरी सम्पन्न गरियो ।
- २०८०।०३।०३ देखि २०८०।०३।०५ गते सम्म रुपा गा. पा.को देउराली आयुर्वेद औषधालयको आयोजनामा विद्यालय आयुर्वेद शिक्षा तथा योग कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयका शिक्षकहरुलाई आयुर्वेद, जडिबुटि र योग सम्बन्धी कक्षा तथा योगाभ्यास सम्पन्न गरियो ।
- २०८०।०३।०६ गते अन्तराष्ट्रिय योग दिवस पोखरा महानगरपालिका प्रमुख श्री धनराज आचार्य ज्यूको प्रमुख आतिथ्यतामा रञ्जित इभेन्ट सेन्टर रानीपौवामा सम्पन्न गरियो ।
- २०८०।०३।११ गते पोखरा ३२ को वडा कार्यालय खुदीमा सिसुवा आयुर्वेद औषधालय पोखरा ३० को सहकार्यमा वडास्तरीय नागरिक आरोग्य समुह गठन साथै अभिमुखिकरण कार्यक्रम सपन्न गरियो ।
- २०८०।०३।१२ गते पोखरा ३३ को शहरी स्वास्थ्य केन्द्र लामदीमा सिसुवा आयुर्वेद औषधालय पोखरा ३० को सहकार्यमा वडास्तरीय नागरिक आरोग्य समुह गठन साथै अभिमुखिकरण कार्यक्रम सपन्न गरियो ।
- २०८०।०३।१३ गते पोखरा २७ को शहरी स्वास्थ्य केन्द्र डाडाकोनाकमा सिसुवा आयुर्वेद औषधालय पोखरा ३० को सहकार्यमा वडास्तरीय नागरिक आरोग्य समुह गठन साथै अभिमुखिकरण कार्यक्रम सपन्न गरियो ।
- २०८०।०३।१५ गते अन्नपूर्ण गा. पा. १ मा वडास्तरीय नागरिक आरोग्य समुह गठन साथै अभिमुखिकरण कार्यक्रम सपन्न गरियो ।
- २०८०।०३।२९ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय(स्वास्थ्य)का सचिव डा. विनोद विन्दु शर्माको प्रमुख आतिथ्यतामा साथै सो मन्त्रालयका तथ्यांक अधिर्कत, वरिष्ठ स्वास्थ्य प्रशासक, फार्मेसी अधिर्कत, स्वास्थ्य निर्देशनालयका प्रतिनिधि एवं पालिकाहरुका स्वास्थ्य संयोजकहरुको उपस्थितिमा कास्की जिल्लामा रहेका आयुर्वेद संस्थाहरुको समन्वय वार्षिक समिक्षा गोष्ठी थुममसीकोटमा नागरिक आरोग्य सम्पन्न गरियो ।

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पद :

श्री नविन किरण भुसाल, व. कविराज निरिक्षक, **सूचना अधिकारी**, ९८५६०४८७९९
डा. कुमार कासुला, आयुर्वेद चिकित्सक, **कार्यालय प्रमुख**, ९८५६००५५२८

## १०. ऐन, नियम, बिनियम वा निर्देशिकाको सूची :

- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५

- आयुर्वेद  स्वास्थ्य नीति, २०५२
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली। २०५५
- स्वास्थ्य संस्था स्थापना तथा स्तरान्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०
- आयुर्वेद सेवा कार्यक्रम संचालन निर्देशिका, २०७१
- वार्षिक रुपमा प्राप्त हुने आयुर्वेद सेवा संचालन मार्गदर्शन

**११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक बिवरण :**

| | आ. व. २०७९।८० को विनियोजित बजेट | २०७९ चैत्र मसान्त सम्मको खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | १०२४७००० | ७१९६१९५.७ | ६०.४६ | |
| पुँजीगत | ४२००००० | ३५२४६६४.४३ | ८३.९२ | |
| शसर्त | ६०८५००० | ५५४५५८८.१ | ९१.१४ | |

**१२. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण :-** www.gaa.gandaki.gov.np

**१३. सार्वजनिक निकायको परेका सूचना माग सम्बन्धी निवेदन र सूचना उपलब्ध गराएको विवरण :-**
माग नभएको